


# बार्षिक प्रतिवेदन
# २०७९

OXFAM

The future is equal

# हाम्रो पहुँच




- सुदूरपश्चिम प्रदेश (जिल्लाहरूः दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, डोटी, कैलाली)
- कर्णाली प्रदेश (जिल्लाः दैलेख)
- बागमती प्रदेश (जिल्लाः धादिङ)
- मधेश प्रदेश (जिल्लाः रौतहट, सर्लाही, सप्तरी)

आवरणः सुदूरपश्चिम प्रदेश डोटी जिल्लाको जोरयाल गाउँपालिकाकी गंगा मल्ल आफ्नो खेतमा काम गर्दै ।
फोटोः किशोर शर्मा/अक्सफाम

# विषयसूची


| | |
|---|---|
| **प्रस्तावना** | ५ |
| **अक्सफाम इन्टरनेशनल** | ६ |
| **अक्सफाम नेपाल** | ६ |
| **हाम्रो पहुँच** | ७ |
| **लैङ्गिक न्याय कार्यक्रम** | ८ |
| - वित्तीय साक्षरता कक्षाले युवा उद्दमशीलतामा मिलेको प्रेरणा | १० |
| - घरायसी काम गर्ने महिला र पारिश्रमिक नपाएका हेरचाह गर्ने कामदारहरूका आवाज उठान | ११ |
| - लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान | १२ |
| **उत्थानशीलता तथा जलवायु कार्यक्रम** | १४ |
| - स्थानीय बीउ प्रणाली सुधार परियोजना मार्फत नेतृत्व प्रवर्द्धन | १५ |
| - सानो छ, सुन्दर छ | १९ |
| - भूमी सुधारले जीविकोपार्जन बढायो | २० |
| **पानी तथा सरसफाइ र जल सुशासन कार्यक्रम** | २१ |
| - ग्रामीण जल आपूर्ति प्रणालीमा नवप्रवर्तन | २३ |
| - दक्षिण एसियाली सीमा नदी परियोजना (ट्रोसा) २ | २५ |
| - स्रोत बाँडफाँडमा जन-भूपरिधि पद्धति | २७ |
| **दातृ निकायहरू** | २८ |
| **गैरसरकारी संस्था साझेदारहरू** | २८ |
| **वित्तीय** | २८ |



आफ्नै घरको धारामा आएको सुरक्षित पानी जगमा भर्दै रौतहटकी सुनेना देवी । तस्वीरः सुस्मा पन्त/अक्सफाम

# प्रस्तावना

अक्सफाम, मानिसका भविष्य सुरक्षित गर्न, गरिबी मुक्त र न्यायपूर्ण समाज बनाउने दिगो समाधानका लागि तिनलाई सक्षम बनाउन सन् १९८० को दशकदेखि नेपालमा कार्यरत छ । हामी गरिबी छिचोलेर बाहिर आउने र उन्नति पथमा अग्रसर हुने व्यावहारिक एवं नयाँ-नयाँ तरिकाहरूको खोजी गर्न समुदाय, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय साझेदारहरूसँग मिलेर काम गर्छौं ।

२०८० वि. सं. मा पनि हामीले नेपालमा गरिबी उन्मुलन र असमानताका मुद्दालाई सम्बोधन गर्ने हाम्रो लक्ष्यमा निरन्तर डटेर काम गर्‍यौं । यस प्रतिवेदनले हाम्रा तीन अन्तरसम्बन्धित कार्यक्रमहरु लैङ्गिक न्याय, उत्थानशीलता तथा जलवायु कार्यक्रम एवं पानी तथा सरसफाइ र जल सुशासन अन्तर्गत सञ्चालन गरिएका विभिन्न परियोजनाका परिणाम र प्रभावका मुख्य अंशहरु प्रस्तुत गर्दछ ।

नारीवादी संस्थाको रूपमा हाम्रा पहलका पछाडि महिलाहरु नै महत्वपूर्ण प्रेरणाका स्रोत हुन् । हाम्रो काम स्थानीय राजनीति र समुदायमा आधारित संघ-संस्थाहरूमा नेतृत्वदायी भूमिका र पदहरु हासिल गर्न महिला नेतृहरूलाई मद्दत गर्नमा केन्द्रित छ । हामी स्थानीय संघ-संस्था, सरकारी संस्था र अन्य सरोकारवालाहरूसँग साझेदारी गरेर समुदायका आवश्यकताहरूलाई सम्बोधन गर्छौं ।

लैङ्गिक न्याय कार्यक्रम मुलतः महिला, किशोरी र बालिकाहरु माथि गरिने हिंसाबाट मुक्त र स्वेच्छाले समान अवसर प्राप्त गर्न सबल छन् भन्ने सुनिश्चित गर्नमा केन्द्रित छ ।

यसैगरी, उत्थानशीलता तथा जलवायु कार्यक्रम सुदृढ जीविका र खाद्य सुरक्षा अपनाएर रूपान्तरणको बाटोमा लाग्नुपर्ने आवश्यकतालाई मनन गर्दै जलवायु सम्बन्धी जोखिम र प्राकृतिक विपद्का सम्बन्धमा समुदायको उत्थानशीलता विकास गर्न उद्दत छ ।

पानी तथा सरसफाइ र जल सुशासन कार्यक्रमले गरिब र सामाजिक रूपमासिमान्त्रकृतमहिला र पुरूषहरूले पानी र सरसफाइमा दिगो र समतामूलक पहुँचका लागि प्रणालीगत परिवर्तन हासिल गरून् भनेर उनीहरूका लागि पानीको सुरक्षा गर्ने लक्ष्य लिएको छ ।

# अक्सफाम इन्टरनेशनल

अक्सफाम गरिबी र अन्याय अन्त्य गर्न असमानतासँग लड्ने मानिसहरूको विश्वव्यापी अभियान हो । स्थानीयस्तरदेखि विश्वस्तरका सबै क्षेत्रमा अक्सफामले दिगो परिवर्तनहरु ल्याउन मानिसहरूसँग मिलेर काम गर्दछ ।

अक्सफामको काम मानवअधिकारको सर्वव्यापकताको प्रतिबद्धतामा आधारित छ । विविधताद्वारा प्रेरित र तथ्यप्रमाण तथा अनुभवमा आधारित हाम्रा कार्यहरूमा हामी संसारका हरेक कुनामा रहेका गरिबी र अन्याय विरूद्धको पक्षधर रहन्छौँ । हामीले अपनाएको अक्सफाम नेपाल नारीवादी पद्धतिले हाम्रा सबै विश्लेषण, कार्य र अन्तरक्रियालाई मार्गदर्शन गर्दछ ।

हाम्रो सोच भनेको न्यायपूर्ण र दिगो संसारको निर्माण गर्नु हो । यस संसारमा मानिसहरु र हाम्रो ग्रह न्यायिक अर्थतन्त्रको केन्द्रमा हुन्छन् । यस संसारमा महिला, किशोरी र बालिकाहरु लैङ्गिक हिंसा र विभेदबाट मुक्त रहन्छन् । यस संसारमा जलवायु सङ्कटलाई सीमित गरिन्छ र समावेशी तथा जवाफदेही शासन प्रणालीले सत्तामा रहेकाहरूलाई उत्तरदायी बनाउँछ ।

# अक्सफाम नेपाल

गरिबीविनाको न्यायपूर्ण समाज नै अक्सफाम नेपालको परिकल्पना हो जहाँ सबै महिला र पुरूषले सम्मानपूर्वक जीवन बाँच्न सक्छन्, आफ्नो अधिकार उपयोग गर्छन् र नेपालको सक्रिय नागरिकको रूपमा आफ्ना जिम्मेवारी वहन गर्छन् । अक्सफामले नेपालमा सन् १९८० को दशकदेखि काम गर्दैआएको छ । हामीसँग देशस्तरीय चार लक्ष्यहरु पूरा गर्न लैङ्गिक न्याय कार्यक्रम, पानी तथा सरसफाइ र जल सुशासन कार्यक्रम र उत्थानशीलता तथा जलवायु कार्यक्रम जस्ता तीनवटा अन्तरसम्बन्धित कार्यक्रमहरु छन् ।

अक्सफाम स्थानीय गैरसरकारी संस्थाहरु मार्फत् जनस्तरमा परियोजनाहरु सञ्चालन गर्दछ । अक्सफाम साझेदारहरूलाई वित्तीय व्यवस्थापन, अनुगमन, मूल्याङ्कन, जवाफदेहीता एवं सिकाइ (MEAL), तथ्याङ्क व्यवस्थापन, आर्थिक सहायता व्यवस्थापन लगायतका परियोजना व्यवस्थापनमा प्राविधिक सहायता प्रदान गर्दछ । यसमा लैङ्गिक मूलधारको नीति र साझेदारहरूको क्षमता विकासमा गरिने सहायता पनि पर्दछ । २०२२-२३ को वर्षमा अक्सफाम नेपालले तीन वटा महिला अधिकार सम्बन्धी काम गर्ने संघसंस्थाहरु लगायतका १३ वटा गैरसरकारी संस्था साझेदारहरूसँग सहकार्य गर्‍यो ।

## देशीय लक्ष्य

लक्ष्य १ - हामी महिला, किशोरी र बालिकाहरूले स्वतन्त्र छनोटको अभ्यास गरेका, समान अवसरहरु पाएका र सामाजिक समावेशीकरणको वृहत्तर प्रगतिभित्र रहेको नेपालको विकासमा ठोस र वृहत नेतृत्व स्थानमा रहेका देख्न चाहन्छौँ ।

लक्ष्य २ - हामी शहरी र ग्रामीण क्षेत्रका युवा, महिला र गरिब सीमान्तकृत समूहहरूसँग उत्थानशील जीविकोपार्जन र दिगो आयआर्जन भएको हेर्न चाहन्छौँ ।

लक्ष्य ३ - हामी स्थानीयकृत जोखिम व्यवस्थापन र प्रतिकार्यमार्फत विपद्हरूको सामना गर्ने क्षमता वृद्धि भएको उत्थानशील समुदायहरु देख्न चाहन्छौँ ।

लक्ष्य ४ - हामी सुदृढ पानी सुशासन र वातावरणीय व्यवस्थापन तथा जलवायु सङ्कटलाई सम्बोधन गर्ने क्षमता विकास भएको देख्न चाहन्छौँ ।

# २०७९ का मुख्य उपलब्धिहरू

स्थानीय सरकारको समर्थनमा विपद्को पूर्व तयारी, प्रतिकार्य एवं पुनर्लाभ संयन्त्रका सहायताका लागि **३ वटा नगरपालिकाले** स्थानीय आपतकालिन सञ्चालन केन्द्रस्थापना गरे

सन्तुलित सम्बन्ध हासिल गर्ने, रोजाइको साझेदार बन्ने, नारीवादी तथा रूपान्तरणमूखीको रूपमा चिनिने र दिगो सामाजिक परिवर्तन र प्रभावका लागि स्थानीय नेतृत्वको क्षेत्रमा काम गर्ने परिकल्पना सहितको नयाँ **साझेदारी रणनीति** निर्माण गऱ्यो

उच्च जोखिमयुक्त क्षेत्रहरूका **४३ वटा सामुदायिक विपद् व्यवस्थापन समितिहरू**ले विपद् जोखिम न्युनिकरण एवं व्यवस्थापन योजना र यसको कार्यान्वयनका लागि सहायता प्राप्त गरे

**८७ महिला** नेतृत्व मञ्चका सदस्यहरू सरकारको स्थानीय तहको योजना प्रक्रियामा सहभागी भए । उनीहरू महिला नेतृत्व मञ्चका लागि आफ्ना पहलबाट ३७८ देखि ११२८ अमेरिकी डलर आर्जन गर्न सक्षम भए ।

**५० वटा समूहका १९९९ कृषकहरूले** बीउबिजन र अन्य हरित उद्यम मार्फत आफ्नो आयआर्जन र जीविकोपार्जनमा सुधार गरे

जलवायुमैत्री खेतीलाई सहयोग गर्न **२०० भन्दा बढी महिलालाई** पोली हाउस, ड्रिप सिञ्चाई, प्लास्टिक मल्च र तरकारीको बीउबिजन सहयोग गरियो

स्थानीय सरकारको समर्थनमा **चार वटा पानी आपूर्ति** व्यवस्थापन बोर्डको स्थापना भयो

**८७ कृषक समूह र सामुदायिक बीउबिजन बैंकलाई** जलवायु अनुकुलका भिन्न बाली उत्पादन र प्रवर्द्धनमा सहायता प्रदान गरियो

पालिकाहरूमा **२ वटा लैङ्गिक समानता** एवं सामाजिक समावेशीकरण नीतिहरूको निर्माण र अनुमोदन भयो

## २०७९ मा हाम्रो पहुँच

प्रत्यक्ष रूपमा
**८५,३३६**
जना मानिससम्म पुगिएको
**५८%** महिला
**५६%** युवा

लैङ्गिक न्याय कार्यक्रम मार्फत
**३,३४९** मानिससम्म
प्रत्यक्ष रूपमा पुगिएको

उत्थानशीलता तथा जलवायु कार्यक्रम मार्फत
**४८,०७६**
मानिस सम्म प्रत्यक्ष रूपमा पुगिएको

पानी तथा सरसफाइ र जल सुशासन कार्यक्रम मार्फत
**३३,९११**
मानिससम्म प्रत्यक्ष रूपमा पुगिएको ।

# लैङ्गिक न्याय कार्यक्रम



बैठकमा सहभागी हुँदै गन्यापधुरा गाउँपालिका, डडेलधुरा जिल्ला, सुदूरपश्चिम प्रदेशका महिला नेतृत्व मञ्चका सदस्यहरू । तस्वीरः अक्सफाम

**लैङ्गिक न्याय** कार्यक्रम महिला, किशोरी र बालिकाहरु हिंसा मुक्त जीवन जिउन पाउनेजहाँ उनीहरूलाई स्वतन्त्र रोजाइ, समान अवसरहरु र अर्थपूर्ण नेतृत्व भूमिका एवं पदहरु हासिल गर्नसक्ने क्षमता विकास गर्नका लागि प्रतिबद्ध छ । यस कार्यक्रमको उद्देश्य महिला नेतृहरूका सामाजिक र लैङ्गिक रूपान्तरणमुखी नेतृत्वका लागि उनीहरूको क्षमता अभिवृद्धि गर्नु हो ।

त्यसैगरी, अक्सफामले यस कार्यक्रम मार्फत लैङ्गिक हिंसा र बाल तथा जबरजस्ती विवाह न्यूनीकरण गर्ने, महिला, किशोरी र बालिकाहरूलाई अवाञ्छित परम्परागत नियमहरु, दुर्व्यवहारको पक्षपोषण गर्ने तथा महिला, किशोरी र बालिकाहरूलाई कमजोर बनाइराख्ने विश्वास प्रणालीहरूलाई चुनौती दिन सक्षम बनाउने लक्ष्य राखेको छ ।

यो कार्यक्रम महिला नेतृहरूलाई महत्वपूर्ण भूमिका र पदमा राख्ने कार्यमा योगदान पुऱ्याउन, पुरूष र समुदायको पितृसत्तात्मक मानसिकता परिवर्तन गर्न र लैङ्गिक हिंसा न्यूनीकरण गर्न सक्षम भएको थियो ।

अक्सफामले वर्ष २०७९ मा महिला नेतृहरूलाई महत्वपूर्ण पद हासिल गर्न, पुरूष र समुदायको पितृसत्तात्मक मानसिकता परिवर्तन गर्न र महिला, किशोरी र बालिकाहरु विरूद्ध हिंसा कम गर्न मा योगदान पुऱ्याएको छ ।

लैङ्गिक न्याय कार्यक्रम मार्फत ३,३४९ मानिसहरूमाझ पुग्यो जसमा ६६ प्रतिशत महिला र ३२ प्रतिशत युवाहरु (१५ - २४) छन् । अक्सफामको लैङ्गिक विश्लेषण प्रतिवेदनले समुदायका अधिकांश महिलाहरु आफ्ना अधिकारहरु, लैङ्गिक समानता, लैङ्गिक हिंसा बारे सचेत रहेको देखाएको छ । तर पुरूषहरु लाई लैङ्गिक असमानता र लैङ्गिक हिंसा को बारेमा धेरै थाहा छैन ।

हाम्रो कृषि क्षेत्र महिलामय छ । महिलाहरु प्रायः कृषिको श्रम क्षेत्रमा छन् तर निर्णय लिने कार्यमा भने अँटाउदैनन् । तसर्थ, अक्सफामले महिला सशक्तीकरण केन्द्र, कृषक पाठशाला, र महिला नेतृत्व मञ्च मार्फत सामूहिक रूपमा काम गरेर घरपरिवार, समुदाय र सामाजिक गतिविधिहरूमा निर्णय लिन महिलाहरूको क्षमता विकासमा ध्यान केन्द्रित गऱ्यो ।

अक्सफामले साझेदारहरूसँग मिलेर २३२ महिला समूहलाई सशक्त बनाउने काम गऱ्यो र यी समूहका ४१ महिलाहरु मे २०२२ को स्थानीय निर्वाचनमा उपमेयर (१ जना) र वडा सदस्य (४० जना) को रूपमा निर्वाचित भए ।

यसबाहेक, तीन नगरपालिकामा तीन वटा लैङ्गिक हिंसा मुद्दा रेफरल संयन्त्र स्थापना गरिएको थियो भने दुई नगरपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति निर्माण र अनुमोदन गरिएको थियो । त्यसैगरी, ३७ जना लैङ्गिक हिंसा पीडितहरूले अक्सफाम र साझेदार संस्थाहरूबाट मनोसामाजिक परामर्श र आय उत्पादन सहायताका अतिरिक्त तत्काल र जीविकानिर्वाह सम्बन्धी सहायता प्राप्त गरे ।

हामीले नारीवादी पद्धति अपनाएका छौँ । हाम्रा सबै परियोजनाहरूमा लैङ्गिक मूलधारको नीति समावेश गरिएको छ । यस पद्धतिले महिला र युवाहरूलाई बलियो बनाउनुका साथै स्थानीय सरकारमा महिलाको अर्थपूर्ण सहभागिता र नेतृत्व वृद्धि गरेको छ ।

वैकल्पिक व्यवस्थापन ढाँचाको परियोजनाले लैङ्गिक समावेशीतायुक्त पानी व्यवस्थापन बोर्ड नीति निर्माण गर्न स्थानीय सरकारहरूसँग मिलेर ग्रामीण भेगका पानी आपूर्ति व्यवस्थापन बोर्डमा महिलाहरूलाई नेतृत्वमा ल्याउने रणनीति अपनायो । अक्सफामको अध्ययनले पानी आपूर्ति प्रणालीको प्राविधिक काममा थोरै मात्र महिलाहरु नेतृत्वमा रहेका थिए भन्ने पायो । अक्सफामको संलग्नताको परिणामस्वरूप दुइ गाउँपालिकाका दुइ महिलाहरूले पानी आपूर्ति व्यवस्थापन बोर्डको लागि आफूलाई अब्बल उम्मेदवार साबित गरे र अहिले उनीहरु कार्यालय प्रमुखको रूपमा नेतृत्व गरिरहेका छन् भने चार जना महिलालाई मिटर रिडरको रूपमा नियुक्त गरिएको थियो ।

# वित्तीय साक्षरता कक्षाले युवा उद्यमशीलतालाई मिलेको प्रेरणा

कञ्चन थलाल सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लामा बस्छिन् । उनी नौ सदस्यीय आफ्नो परिवारसँगै बस्छिन् । परिवारको आम्दानीको एक मात्र स्रोत भनेको स्थानीय बजारमा उनको बुवाको विद्युतीय सामग्री बिक्री गर्ने पसल हो । सबै युवाहरु जस्तै उनी पनि घरको काममा आमालाई मद्दत गर्दै आफ्नो अध्ययनमा मात्र केन्द्रित थिइन् । उनलाई उद्यमशीलता वा व्यापारमा खासै रूचि थिएन ।

त्यसो त कञ्चनले अक्सफामद्वारा सहयोग प्राप्त वित्तीय साक्षरता कक्षामा भाग लिनु अघिसम्म मात्र यस्तो थियो । उनले कक्षामा बचत, ऋणका प्रक्रियाहरु, पारिवारीक विकास योजना, व्यापार योजनाहरु र स्टार्टअप व्यवसायका लागि चाहिने थुप्रै उपायहरूका बारेमा सिकिन् । यसले उनको आत्मविश्वास बढायो र उनलाई व्यावसायिक तरकारी खेती थाल्न प्रेरित गऱ्यो । उनले आफ्नो विचार परिवारसँग साझा गरिन् र उनीहरूले खुसीसाथ उनको कुरामा समर्थन जनाए ।

स्थानीय सहकारी संस्थाबाट रु ६०,००० ऋण लिएपछि उनले तरकारी खेती सुरू गरिन् । उनी आफ्नो पुर्ख्यौली खेतमा फूलकोभी, बन्दा, गोलभैँडा, करेला, काँक्रा, फर्सी, खुर्सानी, रायोसाग, बोडी, हरियो धनियाँ, मूला आदि जस्ता विभिन्न प्रकारका तरकारीहरु खेती गर्छिन् ।

"म अहिले तरकारी बेचेर मासिक १५,००० रूपैयाँ कमाउँछु । उक्त आय शिक्षा र व्यापार वृद्धिमा खर्च गर्छु । मलाई आर्थिक रूपमा आत्मनिर्भर हुने अवसर प्रदान गर्नुभएकोमा अक्सफाम र वाम लाई मुरी-मुरी धन्यवाद दिन चाहन्छु," कञ्चनले खुसी व्यक्त गरिन् ।

त्यस्तै, सुदुरपश्चिम प्रदेशको दैलेख जिल्ला स्थित भगवतीमाई गाउँपालिकाका युवराज केसीले अक्सफामद्वारा सहयोग प्राप्त वित्तीय साक्षरता कक्षामा भाग लिएपछि कुखुरापालन व्यवसाय सुरू गरेका छन् । उनले ८०,००० रूपैयाँ को प्रारम्भिक लगानीबाट आफ्नो व्यवसाय सुरू गरे । उनले आफ्नो परिवारबाट ४०,००० रूपैयाँ र स्थानीय सहकारी संस्थाबाट ४०,००० रूपैयाँ ऋण लिएका थिए ।

युवराजले मात्र १०० वटा कुखुराबाट व्यवसाय सुरू गरेका थिए । उनले कुखुराको पहिलो ब्याचबाट ५०,००० रूपैयाँ कमाउन सफल भए । उनले यस पटक आफ्नो फार्ममा कुखुराको सङ्ख्या दोब्बर पारेका छन् । कुखुराको उपभोग स्थानीय रूपमै हुने भएकाले उनी एउटा मासु पसल पनि खोल्ने योजनामा छन् ।

वामले बैतडी र दैलेख जिल्लामा गरी कुल ३० वटा वित्तीय साक्षरता कक्षाहरु सञ्चालन गऱ्यो । ती कक्षामा कम्तिमा ९०० युवाहरूले भाग लिएका छन् जसमध्ये ७५ प्रतिशत त महिलाहरु छन् । तिनीहरूमध्ये ७६ जनाले बाख्रापालन, तरकारी खेती, च्याउ खेती, लुगा सिउने व्यवसाय, खुद्रा पसलहरु आदि जस्ता आफ्नै व्यवसाय सुरू गरेका छन् ।

# घरायसी काम गर्ने महिला र पारिश्रमिक नपाएका हेरचाह गर्ने कामदारहरूका आवाज उठान

अक्सफाम र साझेदार संस्था युवालयले नेपालमा भुक्तानी पाउने र नपाउने हेरचाहसम्बन्धी कार्यको अवस्था बुझ्ने हेतुले एक अध्ययन सञ्चालन गरे ।

अधिकांश घरायसी काम र पारिश्रमिक नपाउने हेरचाहको काम गर्ने कामदारहरु महिलाहरु नै छन् जसले समाज र अर्थव्यवस्थामा महत्वपूर्ण भूमिका खेल्ने भएपनि उनीहरूलाई प्रायः सामाजिक सुरक्षाको अभाव हुन्छ । उनीहरु शोषणको जोखिममा हुन्छन् । लैङ्गिक न्यायको उपलब्धिमा बाधा सिर्जना गर्ने उनीहरूका फरक चुनौतीहरु र हितलाई सम्बोधन गर्ने हो भने उनीहरूको कामलाई स्वीकार र सम्मान गर्नु आवश्यक छ ।

उक्त अध्ययनले विद्यमान नीति एवं अभ्यासहरूको मूल्याङ्कन गरेको छ, उनीहरूको अधिकारलाई अगाडि बढाउन अवसर र सम्भावित रणनीतिहरु पहिचान गरेको छ । यसले यस्तो परिस्थितिलाई सम्बोधन गर्न प्रमुख सरोकारवालाहरूलाई तथ्यप्रमाणमा आधारित सुझावहरु प्रदान गरेको छ र कामगर्ने यी महिलाहरूको आवाजलाई प्रोत्साहित गरेको छ ।

यो अध्ययन नेपालका सातै प्रदेशका १३ वटा जिल्लामा गरिएको थियो । अध्ययनमा पुरूष र महिला दुवै गरेर कुल ५२ सहभागीहरु थिए । सहभागीहरूले सरकारी अधिकारीहरु, निर्वाचित प्रतिनिधिहरु, ट्रेड युनियन सदस्यहरु, घरेलु कामदारका फोरमहरु, विशेषज्ञहरु, संयुक्त राष्ट्र संघका एजेन्सीहरु, नागरिक समाजिक संघ-संस्थाका प्रतिनिधिहरु, विकास साझेदारहरु र परस्पर सहायता समूह लगायत विभिन्न क्षेत्रको प्रतिनिधित्व गरेका थिए ।

अध्ययनले यी कामदारहरूले सामना गर्ने प्रमुख चुनौतीहरूमा न्युन ज्याला, दैनिक गर्नुपर्ने कामको लामो समय, लाभको अभाव, कानुनी संयन्त्रमा सीमित पहुँच, औपचारिक सम्झौताको अभाव र शोषण रहेको पायो । सहायता र न्यायमा सीमित पहुँच हुनुका साथै कमजोर र एक्लो भएको हुनाले घरेलु र हेरचाहको काम गर्ने कामदारहरूले प्रायः कार्यस्थलमा हुने र घरेलु हिंसा खेप्नुपर्ने हुन्छ ।

हेरचाह कार्यको महत्व अतुलनीय नै भए पनि त्यस्ता काम गर्ने कामदारहरूलाई असर गर्ने मुद्दाहरु राजनीतिक एजेन्डाहरूमा समावेश गरिएको छैनन् । सामाजिक संघ-संस्थाकाहरूले घरायसी काम गर्ने कामदारहरूलाई बढ्दो प्राथमिकता दिइरहेको परिप्रेक्ष्यमा हेरचाहका काम गर्ने कामदारहरूका लागि वैचारिक स्पष्टता अहिले अपर्याप्त छ ।

यस अध्ययनले सान्दर्भिक तथ्याङ्क सङ्कलन गर्ने, तथ्याङ्क एकीकृत गर्ने, श्रम शिक्षा प्रदान गर्ने, कामदारदेखि कामदारसम्म ढाँचाको थालनी गर्ने, स्थानीय भाषाको माध्यम प्रयोग गर्ने, अन्तरपुस्ता बीचको संवाद गर्ने र अझै राम्रो प्रतिनिधित्व र स्रोतहरूका लागि नीतिगत वकालत गर्ने लगायत अवस्था सुधारका लागि केही प्रमुख कार्यहरु पहिचान गर्न मद्दत गरेको छ ।

# लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान

लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान अन्तर्राष्ट्रिय रूपमा मनाइने वार्षिक कार्यक्रम हो जुन २५ नोभेम्बरको महिला विरूद्धको हिंसा उन्मूलनका लागि अन्तर्राष्ट्रिय दिवसदेखि सुरू भएर १० डिसेम्बरमा हुने मानव अधिकार दिवससम्म चल्छ । संसारभरका मानिसहरु लैङ्गिक पक्षपातपूर्ण व्यावहारको विरोध गर्न, लैङ्गिक हिंसाको बारेमा सचेतना जगाउन र महिला विरूद्धको हिंसाको स्थायी रूपमा अन्त्य गर्न राम्रा कानुन र सेवाहरु बनून् भन्ने हेतुले एकजुट हुन्छन् ।

१६ दिने उक्त अभियानप्रति ऐक्यबद्धता जनाउँदै अक्सफामले ३० नोभेम्बर २०२२ मा ललितपुरको जावलाखेल मण्डला मैदानमा एउटा सार्वजनिक कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रमा सहभागीहरूलाई आफ्नो दैनिक जीवनमा पितृसत्तात्मक अभ्यासहरु पहिचान गर्न प्रोत्साहित गर्ने दुइ वटा खेल खेलाइयो ।

ती खेलहरु पितृसत्ता तोड्ने र अवरोधपूर्ण दौड थिए । पितृसत्ता तोड्ने खेलमा सहभागीहरूलाई उनीहरूका दैनिक जीवनमा आइपर्ने पितृसत्ताका व्यावहारहरु तोड्ने कार्यमा प्रतिबद्ध बनाउन सांकेतिक रूपमा पितृसत्ता जनाउने गिलासका पिरामिडलाई बलले हानेर फुटाउन लगाइयो ।

त्यसैगरी, अवरोधपूर्ण दौडमा पुरूष र महिलाका लागि छुट्टाछुट्टै दुइ वटा रेसट्र्याकहरु राखिएका थिए । पुरूषहरूको ट्र्याकमा खाना पकाउने, सरसफाइ गर्ने, धुने र बच्चाहरूको हेरचाह गर्ने जस्ता धेरै कार्यहरु राखिएका थिए तर महिलाहरु ट्र्याक भने खाली राखिएको थियो ।



"यदि हामीले घरमा हाम्रो जिम्मेवारी बाँड्यौं भने काम गर्न धेरै सजिलो हुन्छ । मलाई लाग्छ यस खेलले दिन खोजेको सन्देश यही नै थियो", सहभागीहरु मध्येका एकले बताए ।

नेपालको संविधानमा महिलाको समान अधिकारलाई मौलिक हकको रुपमा सुनिश्चित गरिएको छ । पछिल्लो तथ्याङ्कले नेपालमा मानव विकास र मानव अधिकारको क्षेत्रमा दशकौँदेखि उल्लेख्य प्रगति भएको देखाएको छ । तथापी लैङ्गिक विकास सूचकाङ्क मा नेपालको स्थान अझै पछाडि नै छ । निरन्तर र प्रतिबन्धित भेदभावपूर्ण सामाजिक नियमहरु, मनोवृत्ति एवं व्यवहारहरु, लैङ्गिक रुपमा तटस्थ संस्थाहरु महिला, किशोरी र बालिकाहरुको हित र विकासका लागि ठूलो चुनौती बनेका छन् ।

महिला, किशोरी एवं बालिकाहरुले स्वतन्त्र रोजाइ र समान अवसरहरु उपभोग गर्न पाउनु र नेपालको विकासमा ठोस र अर्थपूर्ण नेतृत्वका पदहरु हासिल गरेको देख्न पाउनु अक्सफामको प्राथमिकतामा रहेका लक्ष्यहरुमध्ये एक हो ।

अक्सफामले महिला, किशोरी र बालिकाहरु प्रति हुने हिंसामा योगदान पुऱ्याउने लैङ्गिक असमानता र अवाञ्छित सामाजिक मापदण्डहरुलाई सम्बोधन गर्दै आएको छ । र १६ दिनको उक्त अभियानले जीवनका सबै क्षेत्रमा महिला र पुरूष बीच पूर्ण समानता र समता सुनिश्चित गर्ने हाम्रो निरन्तर पहललाई गति दिन टेवा पुऱ्याउँछ ।

लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियानको अवसर बीच एक सार्वजनिक कार्यक्रममा सहभागी हुँदै अक्सफाम कर्मचारी र स्थानीयहरु । तस्वीरः ग्रिष्म राज अर्याल/अक्सफाम



# उत्थानशीलता एवं जलवायु कार्यक्रम



अक्सफामको सहायतामा मेसिनले बुनेका टपराहरु (पातबाट निर्मित प्लेटहरु) देखाउँदै बैतडीका महिलाहरु । अक्सफामले ८३ वटा जलवायु स्मार्ट व्यवसायहरु स्थापना गर्न मद्दत गरेको छ । तस्वीरः क्विबी/अक्सफाम

**उत्थानशीलता एवं जलवायु** कार्यक्रम प्राकृतिक विपदको सामना गर्न, जीविकोपार्जन सुधार गर्न, खाद्य सुरक्षा प्रवर्द्धधन गर्न र उत्थानशीलता निर्माण गर्ने कार्यमा समुदाय र संस्थाहरुको सुदृढिकरणमा प्रतिबद्ध छ । हामी सहरी र ग्रामीण दुवै क्षेत्रका गरिब, सीमान्तकृत र बहिष्कृत समूहका युवा एवं महिलाहरुलाई प्राकृतिक विपद्हरुको सामना गर्ने क्षमता अभिवृद्धि भएको र जलवायु सम्बन्धी आपतकालिन अवस्थाहरु व्यवस्थापन गर्न आवश्यक ज्ञान र प्रशिक्षणले सुसज्जित भएको हेर्न चाहन्छौँ ।

रिपोर्टिङको अवधिमा उत्थानशीलता र जलवायु कार्यक्रम मार्फत अक्सफाम ४८,०७६ मानिसहरु (६० % महिला) माझ पुगेको पाइयो । हामीले सामुदायिक विपद् व्यवस्थापन समिति, कृषक पाठशाला, महिला सशक्तीकरण केन्द्र र ग्रामीण सहकारी जस्ता संस्थाहरुलाई सहयोग गऱ्यौं । हामीले हाम्रा लक्षित समूहका आवश्यकतालाई अझै राम्ररी पूरा गर्न र लाभकारी नीति परिवर्तनहरुका लागि उनीहरुलाई जानकार बनाउन स्थानीय सरकारहरुसँग सहकार्य गऱ्यौं ।

यस वर्ष स्थानीय विपद् तथा जलवायु उत्थानशील परियोजना र नगरपालिका अनुकूलन योजना तर्जुमा गर्न नौ वटा नगरपालिकाहरुलाई सहयोग गरिएको थियो । त्यस्तै, विपदको पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ संयन्त्रका लागि तीन वटा नगरपालिकाहरुलाई सहयोग गरिएको थियो । हामीले ८३ वटा जलवायुमैत्री व्यवसाय स्थापना गऱ्यौं र थप १५ वटा उत्थानशील जलवायु व्यवसायको मूल्याङ्कन गऱ्यौं । तीन वटा नगरपालिकामा बालुवाखानी सम्बन्धी दिशानिर्देश तयार गरिएको थियो । बैतडी जिल्लाका दुई नगरपालिकाहरुको पहिरो र भूस्खलन संवेदनशीलता नक्शा तयार गरी नगरपालिकाहरुलाई पहिरो सम्बन्धी चेतावनी थाहा दिने पहिरो अलर्ट एपहस्तान्तरण गरियो ।

अक्सफामले विपद्को अवस्थामा तुरुन्त प्रतिकार्य प्रदान गर्न मानवीय कार्यमा सङ्लग्न साझेदारहरुसँग तयारी बस्नका लागि साझेदारी सम्झौता विधिको परीक्षण गऱ्यो । यस सम्झौता अर्न्तगत विपद्को अवस्थामा गर्नुपर्ने कार्यको समय कम गर्न विपद् आउनु अघि नै रकम हस्तान्तरण गरिएको थियो ।

यस वर्ष ६००० महिलाहरूले सरकारको सामाजिक सुरक्षा एवं विपद् संवेदनशील सामाजिक सुरक्षाको बारेमा सचेतना हासिल गरे र ११०० आप्रवासी मौसमी कामदारहरूले स्थानीय सरकारी सामाजिक सुरक्षा योजनाअन्तर्गत आकस्मिक बीमा सेवा प्राप्त गरे । त्यस्तै, महिला सशक्तीकरण केन्द्र का १५२ महिलाहरूले जलवायुमैत्री कृषि अभ्यासमार्फत् उत्पादित तरकारी बेचेर दुई करोड पैँतालिस लाख रूपैयाँ आर्जन गरे । अक्सफामले स्थानीय कृषि जैविक विविधता उत्पादन र प्रवर्द्धन गर्न कृषक पाठशाला लाई दिने सहयोग जारी राख्यो ।

लक्षित मानिसहरूले उल्लेख्य ज्ञान तथा सचेतना, सूचनाको पहुँच, विभिन्न जीविकाहरु, जलवायुले निम्त्याउने विपद्को सामना गर्ने/अनुकूलन गर्ने क्षमता, स्थानीय सरकारबाट प्रदान गरिएको स्रोत र कार्यक्रम क्षेत्रहरूमा आयआर्जनको उत्थानशीलता बढाएका छन् ।

## स्थानीय बीउ प्रणाली सुधार परियोजना मार्फत नेतृत्व प्रवर्द्धन

कृषक पाठशाला को माध्यमबाट स्थानीय र साना किसानहरूमाझ किसानका अधिकारको प्रवर्द्धधन गर्न र उनीहरूको खाद्य तथा पोषण सुरक्षा सुधार गर्न बाली प्रजातिका आनुवंशिक स्रोतहरूमा उनीहरूको पहुँच, विकास र प्रयोग लाई बढाएको छ ।

कृषक पाठशाला पद्धति हाम्रो साझेदार संस्था लीबर्डले सुदूरपश्चिम प्रदेशका चार जिल्ला डडेल्धुरा, डोटी, कैलाली र कञ्चनपुरमा गरेका छन् । कृषक पाठशालामा महिला सहभागीहरूलाई ग्राह्यता दिइएको छ । यसबाहेक, पुरुषहरु



बैठकमा सहभागीहरूलाई सम्बोधन गर्दै जोरायल गाउँपालिका, डोटी जिल्ला, सुदूरपश्चिम प्रदेश स्थित भूमिराज कृषक पाठशालाकी अध्यक्ष टिकेश्वरी मल्ल । तस्वीरः किशोर शर्मा/अक्सफाम

रोजगारीको अवसरका लागि अन्य देशहरूमा पलायन हुँदै गर्दा नेपालको ग्रामीण भेगमा कृषिको व्यवस्थापन मुख्यतया महिलाहरूले गर्ने गर्दछन् ।

कृषक पाठशाला साना किसानहरूलाई अन्तरक्रियात्मक सिकाइ प्रदान गर्ने मञ्च हो जहाँ उनीहरूले तालिमप्राप्त सहजकर्ताको मार्गनिर्देशनमा स्थानीय खेतीसँग सान्दर्भिक कुनै विशेष बाली (धान, गहुँ, आलु, तरकारी, आदि) को फसल चक्रको क्रममा उब्जाएका बालीहरूबारे सिक्न, तिनको अवलोकन र तुलना गर्न सक्छन् । तथापि कृषक पाठशालामा हुने छलफलहरू खेतीमा मात्र सीमित नभई लैङ्गिक समानता, घरमा हुने लैङ्गिक भूमिका, स्थानीय स्रोतहरूमा हुने पहुँच र स्रोतहरूमा हुने पहुँचका लागि स्थानीय अधिकारीहरूसँग मध्यस्थता गर्ने सत्रहरू पनि पर्छन् ।

कृषक पाठशालामो सहभागिताकै कारण कुनै समय सार्वजनिक रूपमा बाहिर आउनै हिचकिचाउने महिलाहरु अहिले महिला अधिकारमा चनाखो छन् र स्थानीय स्रोतहरु कहाँ उपलब्ध हुन्छन् र ती स्रोतहरु प्राप्त गर्न कसरी कुराकानी गर्ने भन्नेबारे आवश्यक यथेष्ट ज्ञान प्राप्त गरेका छन् ।

यसले कृषक पाठशाला (४ महिला, १ पुरूष) का पाँच जना सहभागीहरूले सन् २०२२ मा सम्पन्न स्थानीय निर्वाचनमा आफ्नो स्थानीय पालिकाहरूमा निर्वाचित भएर नेतृत्वको पद सुरक्षित गर्न सक्षम तुल्याएको छ । यी निर्वाचित सदस्यहरूका अनुसार कृषक पाठशालाले उनीहरूलाई आफ्नो नेतृत्व र पारस्परिक सीप अभिवृद्धि गर्न मद्दत गरेको छ जसले उनीहरूलाई निर्वाचित हुन सक्षम बनायो ।



**रेणु कुमारी डगौरा,**
वडाध्यक्ष,
वडा नं. ३, जोशीपुर गा.पा.,
कैलाली

**रेणु** कमैया परिवारकी महिला हुन् । कृषक पाठशालाले उनलाई सामुदायिक विकासका लागि नेतृत्वको पद प्राप्त गर्ने अवसर जुराएकै कारण उनी आफ्नो सफलताको श्रेय अक्सफाम र लीबर्डलाई दिन्छिन् । उनी सहभागी भएको स्थानीय जमिनको संरक्षण र कृषक पाठशाला सहजीकरण सीपहरु विषयक सात दिने तालिमले उनको आत्मविश्वासलाई मात्र बढाएको छैन, उनले कुनै समय सामना गर्नुपरेको लाजधक पनि मेटाएको छ । उनका परिवार, आफन्त, साथीसङ्गी र कृषक पाठशालाका सदस्यहरूको समर्थनमा उनले स्थानीय चुनावमा वडाध्यक्ष पदको लागि लडेकी थिइन् । वडाध्यक्षका हैसियतमा उनी महिला सशक्तीकरण प्रवर्द्धन गर्न र लैङ्गिक समानताको वकालत गर्न, कृषि जैविक विविधतालाई प्रोत्साहित गर्न, सामाजिक समावेशीकरणका मुद्दाहरूलाई सम्बोधन गर्न र बहिष्कृत समूहहरूको क्षमता सुदृढीकरण गर्न कटिबद्ध छिन् ।



**ध्यानमती देवी राना,**
वडा सदस्य,
वडा नं ६, लालझाडी गा. पा.,
कञ्चनपुर

१६ वर्षको कलिलै उमेरमा विवाह गरेकी **ध्यानमती** पनि कमैया परिवारकी हुन् । सन् २००० मा नेपाल सरकारले यो प्रथा उन्मुलन गर्नु अघि उनका बुवा बधुवा मजदुर थिए । उनका श्रीमान रोजगारीको सिलसिलामा भारत बसाइँ सरेपछि उनले आफ्ना दुई छोराछोरीको स्याहार गर्नुपर्ने भयो । उनी नेपाली भाषामा अति कमजोर रहेको र कृषक पाठशालाले भाषण कला र विभिन्न बालीको खेती सम्बन्धी तालिम दिनुका साथसाथै भाषा सुधार गर्न गरेको मद्दत सम्झिन्छिन् । पछि उनी कृषक पाठशालामा सहजकर्ता बनिन् र सहजकर्ता भई लोप हुन लागेका स्थानीय चामलका जातहरु पत्ता लगाएर तिनको संरक्षणमा उनले गरेको मद्दत नै उनको सबैभन्दा गर्विलो क्षण रह्यो । कृषक पाठशालाले सामुदायिक विकासमा आफ्नो रूचि अभिवृद्धि गर्न र वडा सदस्यको रूपमा निर्वाचित हुन सघाउ पुऱ्याएको उनी बताउछिन्। उनी वडा सदस्यको रूपमा आफ्नो भूमिकामा सामाजिक र लैङ्गिक न्यायका साथसाथै भूमि अधिकार र वितरणका लागि वकालत गर्न प्रतिबद्ध छिन् ।



**कृष्णा देउवा**
वडा सदस्य,
गन्यापधुरा गा.पा.,
डडेल्धुरा

**कृष्णा**लाई एकल आमाले हुर्काएकी थिइन् । उनी दुई भाइ र छ बहिनीहरूको परिवारमा कान्छी छोरी हुन् । उनको बुवाको अनुपस्थिति तीतो सत्य थियो नै तर पनि अग्रगामी सोच भएकी उनकी आमाले उनलाई शिक्षादीक्षा प्रदान गर्न निकै कठोर संघर्ष गरिन् । पुरूषहरु शिक्षाको प्राथमिकतामा रहने समुदायमा बसोबास गरेकी उनले कक्षा नौ सम्मको आफ्नो अध्ययन पूरा गर्न पाइन् । उनको १४ वर्षको उमेरमै विवाह भएको थियो, कृषक पाठशालामा आवद्ध हुनु अघि उनले १९ वर्षभन्दा बढी उनी महिला सामुदायिक स्वास्थ्य स्वयंसेवक थिइन् । आफ्नो गाउँका कृषक पाठशालाका सदस्यहरूलाई सशक्त बनाउनु, उनीहरूको आवाज र अधिकारहरु बुलन्द गर्नु र स्थानीय बालीका प्रजातिहरूको संरक्षणमा पाएको भूमिकालाई उनी आफ्नो परमानन्द ठान्छिन् । वडा सदस्यको रूपमा उनी बहुविवाह, बलजफ्ती गरिने विवाह, गर्भपतन र घरेलु हिंसासम्बोधन गर्न चाहान्छिन् । उनका प्रयासहरु आफ्ना समुदायका गरिब महिलाहरूको जीविकोपार्जनको उत्थान र स्थानीय बालीका प्रजातिहरूको संरक्षणमा केन्द्रित छन् ।



**मोहन सिंह बडायक**
वडा सदस्य,
वडा नं. ३, लालझाडी गा.पा.,
कञ्चनपुर

**मोहन सिंह बडायक** कमैया परिवारका हुन् । उनका बुवा र उहाँभन्दा पहिलेका पुस्ताहरु बधुवा मजदुर थिए । उनीहरूको आफ्नै जमिन थिएनु, जीविकोपार्जन गर्न अरूको जमिनमा खेती गर्ने गर्थे । आर्थिक संघर्षका बावजुद उनका बुवाले उनलाई शिक्षादीक्षा दिलाए । उनी हाल स्नातक तहमा अध्ययनरत छन् । कृषि पाठशालामा आवद्ध हुनुअघि उनले निर्माण ठेकेदारका लागि सहयोगी भएर काम गरे । उनले खुला दिसामुक्त अभियानको क्रममा सडक नाटकहरूमा पनि भाग लिए । उनी कृषि पाठशालामा आवद्ध त्यस्ता केही पुरूषहरूमध्ये एक हुन् जहाँ बहुसंख्यक सहभागीहरु महिला छन् । उनी कृषि पाठशालाले आफूमा आत्मविश्वास जगाएकोमा विश्वस्त छन् जसले उनलाई स्थानीय चुनावमा विजयी बनायो । वडा सदस्यको हैसियतमा उनी आफ्नो समुदायमा लैङ्गिक हिंसालाई सम्बोधन गर्ने, केरा र उखु जस्ता नगदे बालीहरूमा ध्यान केन्द्रित गर्दै युवा उद्यमशीलतालाई प्रवर्द्धन गर्छन् ।



**इन्द्र ओली**
वडा सदस्य,
वडा नं. १, जोरायल गा. पा.,
डोटी

पाँच छोरीकी आमा **इन्द्र**ले दुर्घटनामा आफ्नो श्रीमान गुमाइन् । त्यसपछि उनले आफ्नो परिवारको लागि कमाउन पर्नेभयो । कृषि पाठशालामा आवद्ध हुनु अघि उनी कृषि गर्थिन् । एकल महिलाको रूपमा उनले सामना गरेका चुनौतीहरूको बावजुद पनि उनी वातावरण संरक्षणमा प्रतिबद्ध थिइन् र सामुदायिक वनका लागि स्वयम्सेवक भएर अथक प्रयास गरेकी थिइन् । कृषि पाठशालामा उनको संलग्नताकै माध्यमबाट उनले भाषण कलाको विकास गरिन् जुन चुनावी अभियानको समयमा अमूल्य साबित भयो । उनले कृषक पाठशाला सहजकर्ताको रूपमा विभिन्न बालीहरूको खेतीबारे प्रशिक्षण दिनुका साथै छाउपडी र छोरा र छोरीहरूका बीचमा गरिने असमान व्यवहार जस्ता विभिन्न प्रकारका लैङ्गिक विभेद र हिंसाविरूद्ध लड्न भूमिका खेलेकी छिन् । वडा सदस्यको रूपमा उनी आफ्नो समुदायभित्र सामाजिक र लैङ्गिक समस्याहरु समाधान गर्न र महिलाहरूको सशक्तिकरणमा प्रतिबद्ध छिन् ।

# सानो छ, सुन्दर छ

सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्ला स्थित सामुदायिक विपद् व्यवस्थापन समिति ले इन्टरलकिङ ईँटा उत्पादन व्यवसायको सफलतापूर्वक स्थापना गरेको छ ।



कन्चनपुरको इन्टरलकिङ ईँटा उत्पादन । तस्वीरः अक्सफाम

यस व्यवसायले आफ्ना सदस्यहरूको लागि नियमित आम्दानी मात्र दिने नभई सामुदायिक विपद् व्यवस्थापन समिति को आर्थिक स्थिरतामा पनि सहयोग गर्ने काम गर्दछ । व्यवसायबाट भएको मुनाफाको १० प्रतिशत समिति को आपतकालीन प्रतिकार्य कोषमा जम्मा हुन्छ ।

कञ्चनपुर र डडेल्धुरा जिल्लामा सामुदायिक विपद् व्यवस्थापन समितिहरूको स्थापना र सुदृढीकरण अक्सफाम र निड्स नेपालले गरेका हुन् ।

उद्यम स्थापना गर्नुपूर्व अक्सफाम र निड्स नेपालद्वारा गरिएको एक विस्तृत अध्ययनले कञ्चनपुरको भीमदत्त नगरपालिकाको नदीतटीय क्षेत्रमा एउटा सानो ईँटा कारखाना लाभदायक व्यवसाय हुनसक्ने पायो ।

इन्टरलकिङ ईँटाहरु बालुवा र सिमेन्ट जस्ता स्थानीय रूपमा उपलब्ध सामग्रीहरूबाट बनाइन्छन् जसले गर्दा ती वातावरणमैत्री र कम खर्चिला हुन्छन् । स्थानीय स्रोतहरूको उपयोग गर्नाले ढुवानी खर्च कम हुन्छ र समुदायमा रोजगारीका अवसरहरु सिर्जना हुन्छन् । यसका अतिरिक्त निर्माण सामग्रीको स्थानीय उत्पादनले समुदायलाई विकासमा र भविष्यमा आइपर्न सक्ने विपद्प्रति उत्थानशीलता बढाउँछ ।

इन्टरलकिङ ईँटाहरूले भूकम्प, बाढी, र आँधीहुरी जस्ता प्राकृतिक प्रकोपहरूको अत्यन्त प्रभावकारी रूपमा प्रतिरोध मात्र गर्ने नभई त्यस्ता घटनाहरूको समयमा हुने क्षति पनि न्यूनीकरण गर्दछ । यसका साथै नाफाको केही हिस्सा आपतकालीन कोष स्थापनार्थ छुट्याउनुले विपद्को पूर्वतयारी र प्रतिकार्यमा समुदायको सक्रियतालाई जनाउँछ । आपतकालीन कोषले विपद् प्रभावित मानिसहरूले तुरून्तै प्राप्त गर्ने सहायताको गर्नुका साथै अप्रत्याशित व्यक्तिगत आपतकालिन घटना वा आर्थिक कठिनाइहरूको सामना गर्ने समुदायका सदस्यहरूको लागि सुरक्षा सञ्जाल पनि दिन्छ ।

समिति सदस्य मनबहादुर थापा भन्छन्, "हामीले ३०,००० भन्दा बढी ईँटाहरु बिक्री गरिसकेका छौँ र थप ५,००० थानको अर्डर पाएका छौँ । यस व्यवसायले हामीलाई आर्थिक रूपमा आत्मनिर्भर हुन मद्दत गरेको छ ।"

यो व्यवसाय स्थापनार्थ समुदायले रु १,३०,००० योगदान गर्दैगर्दा अक्सफामले रु ५,७०,०४० को प्रारम्भिक सहयोग गरेको थियो ।

# भूमी सुधारले जीविकोपार्जन बढायो

चन्दा कुमारी बम सुदूरपश्चिम प्रदेशको डडेल्धुरा जिल्ला स्थिते सरगौडा गाउँमा बस्छिन् । उनको कथाले बाढी प्रभावित सबै घरलाई प्रतिनिधित्व गर्दछ । ६१ वर्षको उमेरकी उनी सन् १९६५ देखि ११ जनाको संयुक्त परिवारसँग सरगौडामा बस्दै आएकी छिन् । उनको परिवार गाउँका अन्य बासिन्दाहरु जस्तै कृषिमा निर्भर छ ।

चन्दो भन्छिन् उनीहरूको खेतबाट यति राम्रो उत्पादन हुने गर्थ्यो कि उनीहरु आफ्नै जमिनबाट वर्षभरि बाँच्न सक्थे । उत्पादनबाट हुने आम्दानीले उनीहरूका बच्चाहरूको विद्यालयको शुल्क तिर्न पुग्थ्यो । उनीहरु आफ्नो जमिनमा वर्षभरि धान, गहुँ, मकै, दाल, तरकारी आदि जस्ता विभिन्न बालीहरु लगाउने गर्दथे ।



भू-उद्दार मार्फत जमिन पुनर्प्राप्ति पछि आफ्नो बालीको फसल देखाउँदै चन्दा कुमारी बम । तस्वीरः सुस्मा पन्त/अक्सफाम

उनको अनुभवमा सन् १९८८ मा पुन्टुरा र रङ्गुन नदी पहिलो पटक सरगौडा गाउँमा छिरे पनि यसले खासै क्षति पुऱ्याएन । चन्दा भन्छिन्, सडक सञ्जालको विस्तार, लापरवाहपूर्ण पूर्वाधार विकास र खासगरी वन विनाशको परिणामस्वरूप यसो भएको हो । त्यही बेलादेखि हरेक बर्ष वर्षायाममा बाढीका कारण गाउँलेहरूले आफ्नो जमिन गुमाउँदै आएका छन् । लगातार हुने बाढीको जोखिमका कारण केही परिवारहरु गाउँबाट बसाइँ सरेर पनि गए ।

तथापि सन् २००७ मा आएको बाढीले सबैभन्दा बढी क्षति पुऱ्यायो । अधिकांश बासिन्दाहरूको खेतीयोग्य जमिन पुन्टुरा र रङ्गुन नदीमा आएको बाढीले बगायो । उनीहरूको धान फल्ने खेत ढुङ्गा, गेगर र बालुवा भरिएको ढाँडमा परिणत भयो । ढुङ्गा र बालुवा आफैले हटाउन सम्भव थिएन । कम आम्दानी भएका कारण उनीहरूले मेसिन र श्रमको खर्च धान्न सकेनन् ।

"हाम्रो जमिन १५ वर्षभन्दा बढी बाँझै रह्यो । आफ्नो जमिनमा खेती गर्न नसकेकाले हामीले शब्दमा व्यक्त गर्न नसकिने दुःख खेप्नु पऱ्यो," चन्दा आफ्नो तितो अनुभव स्मरण गर्छिन् ।

यो थियो सरगौडा गाउँका १४ परिवारहरूको दुर्दशा । बाढीका कारण खेती गर्न नसकेका परिवारहरूलाई करिब ३ हेक्टर जमिन पुनः प्राप्त गर्न अक्सफाम र निड्स नेपालले सहयोग गरेका छन् ।

"जेहोस् यो वर्ष हाम्रो जमिनमा हरियाली लहराउने छ । म सहयोगका लागि अक्सफाम र निड्स नेपाललाई धन्यवाद नदिई रहन सक्दिन," चन्दा मुस्कुराउँदै भन्छिन् ।

# पानी तथा सरसफाइ र जल सुशासन कार्यक्रम



आफ्नै घरको धारामा पानी थाप्नुको मज्जै बेग्लै । आफ्नो घरको धाराबाट गाग्री भर्दै धादिङकी एक वृद्ध महिला ।
तस्वीरः सुस्मा पन्त/अक्सफाम

**पानी तथा सरसफाइ र जल सुशासन** कार्यक्रम पानी तथा सरसफाइ र सुशासन र जलस्रोत व्यवस्थापन दुई प्रमुख उपकार्यक्रम हुन् । पानी तथा सरसफाइ र जल सुशासनअन्तर्गत हामी पूर्वाधार निर्माण, पानी तथा सरसफाइ सुविधाहरूका लागि आर्थिक पहुँच, माग सिर्जना र व्यावहार परिवर्तन एवं व्यावहारिकता र दिगोपनामा ध्यान केन्द्रित गर्दछौँ । त्यसैगरी, जलस्रोत व्यवस्थापन नदीतटीय क्षेत्र र नदीजन्य स्रोतहरूको प्रभावकारी स्रोत संरक्षण, व्यवस्थापन र उपयोगका लागि तटीय क्षेत्र व्यवस्थापन र नदीको उत्थानशीलतामा केन्द्रित छ ।

अक्सफामले गरिब, सामाजिक रूपमा बहिष्करणमा परेका र संकटासन्न महिला र पुरूषहरूका खानेपानी असुरक्षा सम्बन्धी चुनौतीहरूलाई सम्बोधन गऱ्यो र पानी, सरसफाइ र प्राकृतिक स्रोतहरूमा दिगो र समान पहुँच पुऱ्याउन प्रणालीगत परिवर्तन गऱ्यो । जल आपूर्ति बोर्ड मोडलहरूद्वारा स्थापित सामुदायिक जल व्यवस्थापनमा दिगो समाधान प्राप्त गर्ने मार्ग प्रशस्त गर्यो । आर्थिक कारोबारको रेकर्ड राख्न र व्यवस्थापन गर्न तीन वटा पालिकाहरूले अनलाइन प्लेटफर्म सञ्चालन गरिरहेका छन् । विभिन्न खानेपानी उपभोक्ता समितिका २७६ जनालाई बिलिङ र भुक्तानी गेटवेको अनलाइन प्लेटफर्म

प्रयोग गर्ने सम्बन्धी तालिम दिइएको थियो । यस वर्ष अक्सफाम ३९ खानेपानी आपूर्ति योजना मार्फत चार वटा नगरपालिकाका ३३,९११ जनसङ्ख्यामाझ पुग्न सफल रह्यो । त्यस्तै, आर्थिक स्थिति र व्यापार योजना बुझ्नका लागि ५२० वटा खानेपानी आपूर्ति योजनाको आर्थिक विश्लेषण गरिएको थियो ।

अक्सफामको ध्यान एकीकृत जलाधार व्यवस्थापनमा केन्द्रित रह्यो । अक्सफामले जन-भूपरिधि पद्धति क्षमताका सूचकहरु विकास गरेको छ । जन-भूपरिधि प्रारूपका जनमुखी स्रोत बाँडफाँड हासिल गर्न ६ वटा क्षमताहरु छन् । यी क्षमताहरूमा परिवर्तन अनुसार अनुकूल हुने दिगो सामाजिक पारिस्थितिक प्रणाली, जैविक सांस्कृतिक विविधता एवं सबैको आत्मिक सन्तुष्टि, साझा सरोकारका काम गर्ने सरोकारवाला सञ्जालहरु,समावेशी र उत्तरदायी निर्णय लिने क्षमता, भूपरिधि मध्यवर्ती कार्यहरूसँग मिलेको स्थानीय आर्थिक कार्यक्रम र समुदायहरु फस्टाउन सक्ने जलवायु उत्थानशिलता पर्दछन् ।

अक्सफामले स्थानीय सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा सरसफाइ महाशाखा, जल तथा ऊर्जा आयोगको सचिवालय, प्रदेश सरकार, निजी क्षेत्र, साझा विचारधारा भएका सरकारी र गैरसरकारी संस्थाहरु एवं मिडिया/पत्रकारहरूसँग मिलेर खानेपानी सुरक्षाको सम्बोधन गर्न उपयुक्त सरोकारवालाहरूलाई घच्घचाउने काम गरेको छ । अक्सफाम र जल तथा ऊर्जा आयोगको सचिवालय ले संयुक्त रूपमा जलाधार व्यवस्थापनमा परामर्श कार्यशाला सञ्चालन गरे ।

# ग्रामीण जल आपूर्ति प्रणालीमा नवप्रवर्तन



बागमती प्रदेशको धादिङ जिल्लामा रहेको लिफ्ट प्रणालीयुक्त रिजर्भ ट्याङ्की । तस्वीरः सुस्मा पन्त/अक्सफाम

खासगरी पहाड र हिमाली भेगको भूधरातलमा सुरक्षित खानेपानीको पहुँच लगायतका थुप्रै चुनौतीहरु छन् । यस्तो भूधरातलमा बस्ने महिला र बालबालिकाहरु दैनिक रुपमा कठिन क्षेत्रबाट पिठ्युँमा पानी बोक्न बाध्य हुन्छन् । यो दैनिक कामले उनीहरुलाई शारीरिक तनाव, निद्राको कमी, समयको बर्बादी र सुरक्षित पानीको अभाव लगायतका अनेकौँ तरिकाले पिरोल्ने गर्छ ।

गाउँपालिकाहरुमा खानेपनी आपूर्तिका थुप्रै प्रणालीहरु हुने गरेका भए पनि उचित व्यवस्थापनको अभावका कारण ती योजनाहरु ठूलो मात्रा अलपत्र अवस्थामा छन् । पाइप प्रणालीको २५% ले मात्र काम गर्ने र बाँकीलाई मर्मतको आवश्यकता रहेको अनुमान गरिन्छ । काम गरिरहेका अधिकांश योजनाहरु बारम्बार बिग्रने जोखिममा पर्ने अत्यधिक अस्थिर मापदण्डहरुमा निर्भर छन् । हातले सञ्चालन गर्नुपर्ने आपूर्ति प्रणाली ती अस्थिर मापदण्डहरुमध्ये एक हो ।

अधिकांश ग्रामीण खानेपानी आपूर्ति योजनाहरुमा पानीको वितरण सामुदायिक धारा वा घरका धाराबाट निश्चित समयतालिकामा गरिन्छ । घरहरुले दिनको

एकदेखि चार घण्टासम्मको पानीको आपूर्ति प्राप्त गर्छन् ।

गाउँपालिकाहरूलाई खानेपानी वितरण गर्न पानी सुरूमा ट्याङ्कीमा सङ्कलन गर्न आवश्यक पर्दछ । पानी घर (वा समुदायस्तर) का धाराहरूमा वितरण गर्न त्यहाँ हातैले खोल्नु पर्ने गेट-भल्भ राखिएको हुन्छ । लगभग सबै ग्रामीण पानी आपूर्ति योजनाहरूमा निर्धारित समयमा गेट-भल्भ खोल्न र बन्द गर्न हेरालु राखिएको हुन्छ । यो काम साधारण जस्तो लाग्ने भए पनि निकै जटिल हुनसक्छ । पानी आपूर्ति प्रणालीको प्रकृतिमा निर्भर रहेर गेट-भल्भ खोल्नु र बन्द गर्नु अति झन्झटिलो प्रक्रियाहुन्छ ।

लिफ्ट आपूर्ति मार्फत पानी सङ्कलन गरिने पहाडी क्षेत्रहरूमा पानीलाई पम्प गरेर होचो उचाइबाट सङ्कलन च्याम्बरमा र त्यसपछि ट्याङ्कीमा लैजानु पर्छ । यदि बहुचरणमा गरिने लिफ्टिङ प्रणाली भएमा पानीलाई विभिन्न उचाइका धेरै वटा सङ्कलन च्याम्बरमा पम्प गरेर लैजान आवश्यक हुन्छ ।

हेरालुहरु पम्पहरु खोल्ने र बन्द गर्ने काम हातैले गर्छन् र वितरणका लागि ट्याङ्किको गेट-भल्भ खोल्नु अघि प्रत्येक सङ्कलन च्याम्बर नभरिएसम्म कुर्दछन् । सामान्य अवस्थामा यो काममा दैनिक चारदेखि पाँच घण्टा समय लाग्छ । तथापि, विद्युत प्रवाहमा हुने उतारचढाव का कारण सङ्कलन च्याम्बरहरु भरिएको-नभरिएको हेर्न हेरालु मध्यरातमा पहाड र जङ्गलमा हिँड्न बाध्य छन् ।

थोरै तलब र बिदा नमिल्ने कामको कठिन प्रकृतिले दिक्क हुने हेरालुहरु प्रायः राम्रो अवसरहरूको आसमा बसाइँ सर्ने गर्छन् । हेरालुलाई प्रतिस्थापन गर्न समुदायमा पर्याप्त प्राविधिक ज्ञान भएका मानिसहरु छैनन् । त्यस्तै, हातले गरिने काम भन्ने वितिकै धेरै मानिस आवश्यक पर्ने काम हो भन्ने अर्थ लाग्छ जसले सञ्चालन खर्च बढाउँछ ।

अक्सफाम खानेपानी आपूर्ति व्यवस्थापनका लागि वैकल्पिक व्यवस्थापन मोडेलको प्रयोग गरेर ग्रामीण खानेपानी आपूर्ति व्यवस्थापन प्रणालीमा सुदृढ गर्न प्रयत्नशीले छ ।

अनेकौँ स्थलगत अध्ययन र अनुसन्धान पछि अक्सफामले खानेपानी आपूर्ति प्रणालीमा नवप्रवर्तनीय कामहरूले उल्लेखनीय रूपमा सुधार गर्नकार्यरत छ । यसमा निम्न लगायतका प्रविधिहरु अपनाउने कुराहरु पर्दछन्:

१. गेट-भल्भ स्वचालित रूपमा सञ्चालन गर्ने उपकरण

२. पाइप टुटफुट वा चुहावट भएको बिन्दु थाहा पाउन प्रयोग गरिने उपकरण

३. डिजिटल मिटर

४. टाढै बसेर पम्प सञ्चालन गर्न उपकरण

यी मध्ये कुनै पनि प्रविधिहरु पूर्ण रूपमा नयाँ नभए पनि धादिङ जिल्लाको ग्रामीण परिवेशको सन्दर्भमा यी प्रविधिहरूको सफल र दिगो कार्यान्वयन गरिएको छैन । यसका केही कारणहरूमा यी उपकरणहरु खरिद गर्ने क्षमता नहुनु, चेतनाको कमी हुनु, उपकरणहरु बारम्बार बिग्रनु र तिनलाई मर्मत गर्न स्थानीय दक्ष प्राविधिकहरूको अभाव हुनु आदि पर्दछन् ।

अतः स्वचालित गेट-भल्भ उपकरण निर्माण गर्न राष्ट्रिय नवप्रवर्तन केन्द्र र अक्सफामले साझेदारी गरेको छन् जुन खानेपानी आपूर्ति प्रणाली सञ्चालन स्वचालित गर्ने पहिलो चरण हो ।

स्मार्टफोन र अनलाइन ड्यासबोर्ड मार्फत खोल्न र बन्द गर्न सकिने स्वचालित गेट-भल्भ उपकरणको मूल नमुना विकसित गरिएको छ । मूल नमुनाको प्रयोगशाला र स्थलगत परीक्षण पूरा भइसकेको छ ।

# दक्षिण एसियाली सीमा नदी परियोजना (ट्रोसा) २




२७ फेब्रुअरी- १ मार्च २०२३ मा सम्पन्न दक्षिण एसियाली सीमा नदी परियोजना (ट्रोसा) २ को आरम्भ कार्यशाला ।
तस्वीरः सुस्मा पन्त/अक्सफाम

अक्सफामले फेब्रुअरी २०२३ बाट दक्षिण एसियाली सीमा नदी परियोजना (ट्रोसा) को दोस्रो चरण आरम्भ गर्‍यो । ट्रोसा २ पहिलो चरणको आधारशिला र सिकाइमा रहेर निर्माण गरिएको छ र यसको उद्देश्य महाकाली नदीको तटीय क्षेत्रमा रहेका समुदायहरूको जलस्रोतको बाँडफाँड र जलवायु परिवर्तनको उत्थानशीलता ल्याउनु हो ।

परियोजनाको लक्ष्यमा योगदान पुर्‍याउने चारवटा परिणामहरु उल्लेख गरिएका छन् – क) जीविका गर्ने समुदायहरूको जलवायु उत्थानशीलर्ता, ख) सीमा नदीको पारिस्थितिक प्रणालीको सुधार एवं समावेशी व्यवस्थापन, ग) बहुसरोकारवालाहरूको सुदृढ नेतृत्व, र घ) नदीतटीय क्षेत्रमा सहयोग, सहकार्य र उत्तरदायित्वे ।

दक्षिण एसियाली सीमा नदी परियोजना (ट्रोसा) २ लाई सिडाको आर्थिक सहयोगले बंगलादेश, भारत र नेपाल गरी तीन राष्ट्रमा सञ्चालन गरिएको छ । अक्सफाम नोभिव, बंगलादेश, भारत र नेपालमा अन्तर्राष्ट्रिय, क्षेत्रीय, राष्ट्रिय र स्थानीय साझेदार संस्थाहरूका विविध समूहसँग मिलेर काम गर्दछ ।

नेपालमा ट्रोसा चरण १ नदीतटीय क्षेत्रका संकटासन्न र सिमान्तकृत समुदायहरूमा जलस्रोतको पहुँच र नियन्त्रण बढाएर गरिबी कम गर्न सन् २०१७ देखि २०२२ सम्म महाकाली नदी क्षेत्रमा कार्यान्वयन गरिएको थियो । यस परियोजना अन्तर्गत, अक्सफामले निड्स, रूडुक, रूडेस, र संकल्प/ ग्रामीण विकास केन्द नेपाल जस्ता साझेदारहरूसँग महिला अधिकार, लैङ्गिक मुद्दाहरू, स्थानीय निर्णय प्रक्रियाहरूमा समुदायहरूको ज्ञानलाई प्रोत्साहन गर्न, उनीहरूको पैरवी र नेतृत्व सीपको सुधार गर्न महिला सशक्तीकरण केन्द्रहरु गठन गरेको थियो ।

त्यसैगरी, ट्रोसाले भारत र नेपालका सम्बन्धित सरोकारवालाहरु बीच महाकाली नदी वरपरका सीमावर्ती क्षेत्रहरूमा बसोबास गर्ने मानिसहरूको अधिकार र पानीसँग सम्बन्धित मुद्दाहरूको लागि पैरवी गर्नको लागि महाकाली संवाद शुरु गर्‍यो ।

त्यसैगरी स्थानीय समुदायको जीविकोपार्जनलाई सहयोग पुर्‍याउन महाकाली नदीमा ऱ्याफ्टिङलाई प्रवर्द्धन गरेको थियो । प्रभावकारी नीतिहरूको पैरवी गर्न र समुदायका सदस्यहरु तथा स्थानीय सरकारमाझ जल प्रदूषणको तथ्याङ्क निकाल्न र सोबारे सचेतना जगाउन महाकाली नदीको पानीको नमुना सङ्कलन र परीक्षण गर्न नागरिक वैज्ञानिकहरूलाई तालिम दिइएको थियो । अक्सफाम नेपालले परिवर्तनको संयुक्त सिद्धान्त र संयुक्त कार्य योजना विकास गर्न भारतका सरोकारवालाहरूसँग पनि काम गरेको छ ।

# स्रोत बाँडफाँडमा जन-भूपरिधि पद्धति

प्राकृतिक स्रोतहरूको बाँडफाँडमा अझै राम्रो शासन संरचनाको महत्व प्रवर्द्धन गर्न र बुझ्नका लागि रङ्गुन जलाधारमा जन- भूपरिधिपद्धतिको प्रारम्भिक अध्ययन गरेको छ ।

जलवायु उत्थानशीलतामा सकारात्मक प्रयास स्वरूप अक्सफाम र साझेदारहरूले ग्रामीण समुदायहरूमा खाद्य सुरक्षा गर्न, जलवायु परिवर्तनमा उत्थानशील हुन र प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गर्दै उनीहरूको जीविकोपार्जन सुधार गर्ने र उनीहरूको अधिकार सुनिश्चित गर्ने लक्ष्य राखेका छन् । यी सकारात्मक प्रयासहरूको समीक्षाले अक्सफामले भूमि र जल अधिकारका लागि गर्ने प्राविधिक सहयोग र पैरवीको आफ्नो वर्तमान पद्धतिलाई अझै फराकिलो बनाउनुपर्ने आवश्यकतामा जोड दिएको छ । यसको फलस्वरूप जन-भूपरिधिपद्धतिको विकास भयो जुन बहुक्षेत्रीय सहयोगका लागि क्षेत्रहरूको पहिचान गर्न र विभिन्न कार्यक्रमहरु बीचको सम्बन्ध निर्माण गर्ने नवप्रवर्तनीय औजार हो ।




स्थानीय मानिसहरूले प्राकृतिक स्रोतहरूको व्यवस्थापन र शासनमा सहभागी हुन आफ्नै समुह विकास गर्न सकून् भन्नका लागि आफ्नो अनुकूल हुनसक्ने क्षमतामा सुधार गर्न आवश्यक छ । यसका लागि मानिसहरूको जलवायु उत्थानशीलतालाई भूपरिधिको उत्थानशीलतासँग जोड्नु आवश्यक छ जसले जन-भूपरिधिपद्धतिको आवश्यकता सिर्जना गर्दछ । अक्सफाम र साझेदारहरूले यही कुराको अनुभूतिसँगै जन-भूपरिधिपद्धतिको विकास गर्न र प्रवर्द्धन गर्न आधार तयार गरेका छन् ।

अक्सफामको परिकल्पना अर्थपूर्ण सहभागिता भूपरिधि योजना निर्माण गर्ने औजारहरूको विकास गर्नु हो । यसले कर्ताहरूले अझै दिगो र समावेशी भूपरिधि कार्यक्रम निर्माण र कार्यान्वयन गर्ने समावेशीशासन प्रणाली निर्माण गर्न मद्दत गर्न सक्छ, जसलाई कर्ताहरूले वैधता दिन्छन् र स्थानीय, प्रादेशिक सरकारहरूले अनुमोदन र व्यवस्थापन गर्छन् ।

यस प्रारम्भिक अध्ययन परियोजनाको मुख्य उपलब्धि नागरिक समाज, सरकार, निजी क्षेत्र र अन्य सरोकारवालाहरूलाई मानिसमा विशेष ध्यान केन्द्रित गरी उनीहरूको विकास कार्यमो जलवायु उत्थानशीलता र उनीहरु बस्ने भूपरिधिको उत्थानशीलता बीच संयोजन गर्न सघाउन विकास गरिएका औजारहरूको संग्रह हो ।

## दातृ निकायहरू

- युरोपियन युनियन क्लब
- पाउल ड्यु जेन्सेन/ग्रुन्डफोस फाउन्डेसन
- सीडा
- किहले फन्ड्स
- अक्सफाम जीबी
- अक्सफाम हङकङ
- अक्सफाम युएस
- अक्सफाम नोभिव

## गैरसरकारी संस्था साझेदारहरू

- निड्स नेपाल
- ग्रामीण विकास एवं वातावरण विकास समाज (रूडेस)
- राष्ट्रिय वातावरण तथा समविकास समाज
- ग्रामीण महिला विकास तथा एकता केन्द्र (रूडुक)
- लीबर्ड
- सामुदायिक उत्थान पद्धतिका लागि मञ्च (फोकस) नेपाल
- बागमती सेवा समाज (बीडब्ल्यूएसएन) नेपाल
- ग्रामीण विकास केन्द्र (आरडीसी) नेपाल
- कोशी पीडित समाज (केभीसी)
- सामुदायिक ग्रामीण विकास समाज (सीआरडीएस)
- सीमान्तकृत महिलाका लागि महिला संस्था (वाम)
- युवालय
- हिमालय कन्जर्भेसन ग्रुप

## वित्तीय



**कुल खर्च**

**२.६७ मिलियन पाउण्ड**

(अप्रिल २०२२-मार्च २०२३)




सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्ला स्थित महाकाली नदीको गुणस्तर परीक्षण गर्दै अञ्जली देवी बोहरा, निर्मला कठायत र लक्ष्मी भण्डारी ।

ट्रोसा परियोजनाले प्रभावकारी नीतिहरु पैरवी गर्न र जनचेतना जगाउन महाकाली नदीको पानीको नमुना परीक्षण गर्न स्थानीय नागरिक वैज्ञानिकहरूलाई प्रशिक्षित गरेको छ ।

(तस्वीरः सुस्मा पन्त/अक्सफाम)



पानी आपूर्ति प्रणालीमा स्थायित्व आएकोमा खुसी हुँदै धादिङका महिलाहरु । प्रणाली बारम्बार बिग्रने कारण उनीहरूले आफ्नो पिठ्युँमा पानी बोकेर ल्याउन घण्टौँ समय खर्च गर्नुपर्थ्यो ।

(तस्वीरः सुस्मा पन्त/अक्सफाम)



यदि तपाईंसँग सुरक्षा सम्बन्धमा कुनै चिन्ता वा प्रश्नहरु छन् भने कृपया १६६००१५००७६ नम्बरमा सम्पर्क गर्नुहोस् वा speakup@oxfam.org.uk मा इमेल पठाउनुहोस् ।

कार्यक्रमसँग सम्बन्धित प्रतिक्रिया र गुनासोहरुको लागि कृपया निम्नमा सम्पर्क गर्नुहोस् ।

numbers—NTC- 9851179358; Ncell- 9801571204

Website: https://nepal.oxfam.org/

Facebook: https://www.facebook.com/OxfamInNepal

Twitter: https://twitter.com/oxfaminnepal

Instagram: https://www.instagram.com/oxfaminnepal